समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK

वर्षः २९, अंकः८३
बुधबार, ११ कात्तिक २०८३
(Wednesday, 28 Oct. 2026)
पृष्ठः ४, मूल्यः १०।-

kalpristhanews.com

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

फुलखेती आम्दानीको मुख्य स्रोत

कालपृष्ठ समाचारदाता

दाङ, १० कात्तिक

दाङमा फुलखेती व्यवसायप्रति किसानको आकर्षण बढ्दै गएको छ। अन्य खेतीभन्दा सजिलो र आम्दानी बढी पाउने भएकाले किसानहरू फुलखेतीप्रति आकर्षित भएका हुन्।

यति बेला दाङका विभिन्न फुलखेती गरेका स्थानमा सयपत्रि फुल ढकमक्क फुलिसकेका छन्। गढवा गाउँपालिका-३, खैरेनीका टेकेन्द्रराज रावतले विगत चार वर्षदेखि व्यावसायिक फुलखेती गर्दै आएका छन्।

आइएससी कृषि सङ्कायअन्तर्गत वनस्पति विज्ञान अध्ययन गरेका उनले व्यावसायिक रूपमा फुलको खेती गर्दै आएका हुन्। उनले चाडपर्वलाई ध्यानमा राखी सयपत्री फुलको व्यावसायिक खेती थालेका हुन्। अहिले उनको फुलखेती १० कठ्ठा जग्गामा फैलिएको छ।

"पहिलो वर्ष परीक्षणका रूपमा खेती गरैं। त्यसले राम्रो नतिजा दियो, त्यसपछि नियमित रूपमा खेती गर्दै आएको छु", उनले भने, "यो वर्ष तिहार अगाडि रु २०/२५ हजारको फुल र माला बिक्री गरिसकेको छु।"

यो व्यावसायबाट राम्रो आम्दानी पनि हुँदै गएको उनले बताए। चाडपर्वका बेला छिमेकी देश भारतबाट फुल नेपाल आयात हुने गर्छ। त्यसलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको माग छ। "धान, गहुँ लगाउनुभन्दा फुलखेती सजिलो, मल र बीउमा धेरै खर्च नहुने रहेछ। लगानीअनुसार धान, गहुँले मूल्य पाउँदैन, फुलले राम्रो मूल्य पाउँछ", उनले अनुभव सुनाए।

उनी वार्षिक रूपमा रु दुई देखि तीन लाखसम्म बचत गर्न सफल भएका छन्। अहिले फुललाई रु २५० देखि ३०० सम्ममा र एउटा मालालाई रु ४०० का दरले बिक्री गर्दै आएको बताउँछन्।

बाँकी ३ पृष्ठमा

भोटेकोशी बाढी :

डीएनए रिपोर्टको प्रतीक्षामै बित्यो दसैं

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १० कात्तिक

गत भदौ १० गतेको भोटेकोशी बाढीमा बेपत्ता भएकाका परिवारले यस वर्षको दसैं डीएनए परीक्षणको रिपोर्ट पर्खँदै बिताएका छन्।

नेपालगन्ज उप-महानगरपालिका-२० थपुवा निवासी अनलाल रोकायले बेपत्ता आफन्तको कुनै जानकारी नआएका कारण चाडपर्वका बेलामा पनि डीएनए रिपोर्ट कुरेर बसेको बताए।

"बाढीमा हराएका हाम्रा मान्छेको अहिलेसम्म अत्तोपत्तो छैन", उनले भने, "यो वर्षको दसैं डीएनए परीक्षण रिपोर्टको पखाइमा बिताउन बाध्य भएका छौं।" सास वा लास केही फेला नपर्दा आफूहरू सामाजिक संस्कार गर्न नपाएको रोकायले बताए।

रसुवा भन्सार कार्यालय टिमुरे क्षेत्रमा कार्यरत अनलालका दाजु ५३ वर्षीय शेरसिंह रोकाय, भाउजु ५६ वर्षीया विष्णुमती रोकाय र



उनीहरूलाई भेट्न अनि गोसाइँकुण्ड दर्शन गर्न पुगेका १९ वर्षीय छोरा दीपक रोकाय बाढीसँगै हराएको दुई महिना पुग्दा पनि कुनै अत्तोपत्तो नलाग्दा दुःखमाथि दुःख थपिएको अनलालले बताए।

बुढेशकालको सहारा मानिएका एक्ला छोरा, जीवनका आधार बनेका दाजु र भाउजु एकैपटक बेपत्ता भएपछि अनलाल रोकायको घरमा यतिबेला सन्नाटा र आँसु मात्रै बाँकी छ। सासको आश मारिसके पनि लाससमेत फेला नपर्दा साह्रै चिन्ता लागेको अनलालले बताए।

"हाम्रा मान्छे कतै फर्किहाल्छन् कि भन्ने आशा मर्दै गएको छ", अनलालले भने, "डीएनए रिपोर्ट मिल्छ कि भन्ने झिनो आशा र मनभित्रको असह्य पीडाबीच विछोडको भारी थाम्न विवश छौं।"

शव पहिचानका लागि डीएनए परीक्षणको नमुना पठाएपछि बाढीपछि बेपत्ता दाजु, भाउजु र छोराको शव पहिचान हुनेमा आफू आशावादी भएको उनको भनाइ छ।

अनलालले नेपालगन्जस्थित भेरी अस्पतालमा डीएनए परीक्षणका लागि नमुना दिएका थिए। डीएनएको रिपोर्टसमेत नआउँदा बेपत्ता परिवारको सामाजिक संस्कार गर्न नसकेको बताउँदै उनले डीएनए रिपोर्ट र बेपत्ता व्यक्तिका बारेमा सरकारले आधिकारिक धारणा परिवारलाई दिनुपर्नेमा जोड दिए।

बाँकी ३ पृष्ठमा

आधुनिक यन्त्रले सहज बन्दै ग्रामीण कृषि

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १० कात्तिक

गाउँगाउँमा परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिले विस्थापित गरेसँगै ग्रामीण कृषि कर्म सहज बन्दै गएको छ।

विशेषगरी धान तथा गहुँ थन्क्याउने बेलामा जनशक्तिको अभाव झेल्दै आएका किसानहरूका लागि धान र गहुँ झार्ने थ्रेसर मेसिन, काट्ने रिपरजस्ता प्रविधिको विकासले एकातिर किसानको समय र श्रम बचत गरेको छ भने अर्कोतिर ग्रामीण क्षेत्रका युवाहरूका लागि स्वरोजगार र आम्दानीको गतिलो माध्यमसमेत बनेको छ।

नेपालगन्ज उपमहानगरपालिका-१९ का किसान मोहम्मद इस्लाम खाँका आँखा अगाडि अझै पनि दश वर्षअघिको दृश्य घुमिरहन्छ। उतिबेला पाकेको धानका बिटा बाँधेर खलामा लैजानुपर्थ्यो वा खेतका गरामै खलो बनाएर जनशक्ति खेताला लगाई धान झार्नुपर्थ्यो। त्यो बेला कसैले "एकैछिनमा धान झार्ने मेसिन आउँछ" भन्दा उनी पत्याउनु हुन्नथ्यो। आज समय बदलिएको छ। हिजो मेसिनको अस्तित्वमाथि शङ्का गर्ने उनै इस्लाम खाँ अहिले धान बाली थन्क्याउन थ्रेसर मेसिनको नियमित प्रयोगकर्ता हुन्।



"अहिले यो मेसिनका कारण पाकेको धान झार्न असाध्यै सजिलो र छिटो भएको छ", खाँले आफ्नो अनुभव सुनाउँदै भने, "गाउँका सबैजसो किसानले धान बाली स्याहर्न थ्रेसर नै प्रयोग गर्छन्। वैदेशिक रोजगार र अन्य कारणले खेतीपातीमा काम गर्ने जनशक्ति कम हुँदै गएका बेला यो मेसिन किसानका लागि ठूलो सहारा बनेको छ।"

बाँकेका गाउँगाउँमा आधुनिक कृषि प्रविधिको प्रवेशले परम्परागत खेती प्रणालीलाई एकाएक सहज बनाइदिएको छ। नेपालगञ्ज-१९ सुईया गाउँका अर्का किसान ध्रुवकुमार थापा क्षेत्री एक दशकदेखि जोत्नका लागि ट्र्याक्टर र धान-गहुँ थन्क्याउन थ्रेसर मेसिन प्रयोग गर्दै आएका छन्। त्यसअघि अर्मपर्म तथा खेताला लगाएर खेती गर्ने उहाँको अनुभवमा प्रविधिले कामलाई पूर्ण रूपमा बदलिदिएको छ।

"गाउँमा काम गर्ने खेताला पाउनै मुस्किल छ, पाइहाले पनि दैनिक ६ सयदेखि एक हजारसम्म ज्याला माग्छन्", क्षेत्रीले भने, "मजदुरी लगाउँदा समय धेरै लाग्छ तर थ्रेसर लगाउँदा बिना झन्झट समयमै धान भित्राउन पाइन्छ। पैसा भएपछि रोप्नदेखि उत्पादन भित्र्याउनसम्म धेरै सजिलो भएको छ।"

गाउँगाउँमा थ्रेसर मेसिनको माग बढेसँगै यसले स्थानीय स्तरमा स्वरोजगारको अवसर पनि सिर्जना गरेको छ। नेपालगन्ज-१९ का अमजत अली शेखले पनि सात वर्षदेखि थ्रेसर मेसिन सञ्चालन गर्दै आएका छन्। उनका अनुसार विशेषगरी धेरै जग्गा भएका र घरमा काम गर्ने जनशक्ति कम भएका कृषकहरूले थ्रेसरको बढी माग गर्छन्।

"थ्रेसरले एक घण्टामा १० कठ्ठासम्मको धानबाली थन्क्याउन सकिन्छ", शेखले यसको फाइदा खुलाउँदै भने, "पराल दाइँ गर्नुपर्ने वा धान केलाइरहनुपर्ने झन्झट हुँदैन। काम छिटो, खर्च कम र समयको बचत हुन्छ।"

बाँकी ३ पृष्ठमा



मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

लोकतन्त्रमा विधिको शासन





डा. लाक्पा शेर्पा

- विधिको शासनमा स्वतन्त्र न्यायपालिकाको भूमिका महत्त्वपूर्ण
- लोकतान्त्रिक गणतन्त्रलाई जनमुखी बनाउन संस्थागत सुधार आवश्यक
- लोकतन्त्रले सत्ताको वैधता प्रदान गर्छ र विधिको शासनले सत्ताको दुरुपयोग रोक्छ

लोकतन्त्र, गणतन्त्र र विधिको शासन एकआपसका परिपूरक हुन्। विधिको शासनले राज्यका सम्पूर्ण संस्था, पदाधिकारी तथा नागरिकलाई संविधान र कानुनको दायरामा राख्दै राज्यशक्तिको दुरूपयोग हुनबाट रोक्छ। नेपालको संविधानको प्रस्तावनाले नेपाललाई बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासनप्रणालीका रूपमा परिभाषित गरेको छ। राज्यसत्ताको वैधता कुनै व्यक्ति, वंश वा सीमित समूहबाट नभई जनताबाट प्राप्त हुने मान्यतालाई संविधानले स्थापित गरेको छ। त्यसैले नेपालको लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थालाई राजनीतिक प्रतिनिधित्व, नागरिक अधिकार, समावेशिता, सङ्घीयता, सामाजिक न्याय र सार्वजनिक जवाफदेहितासँग सम्बन्धित समग्र व्यवस्थाका रूपमा विधिको शासनको कसीमा विमर्श गरिनु पर्छ।

वैचारिक आधार

लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको विकास लामो राजनीतिक तथा दार्शनिक चिन्तनबाट भएको पाइन्छ। प्राचीन ग्रिक राजनीतिक चिन्तनदेखि रोमन गणतन्त्रवाद, मध्ययुगीन राजनीतिक विचार र आधुनिक संवैधानिकवाद हुँदै वर्तमान प्रतिनिधिमूलक लोकतन्त्रको विकास भएको विकासक्रम छ। प्राचीन ग्रिसका दार्शनिक अरस्तुले राज्यको गतिविधिमा नागरिक सहभागिताको महत्वलाई जोड दिएका छन्। रोमन चिन्तक सिसेरोले सार्वजनिक हित, नागरिक सदाचार र साझा राजनीतिक समुदायको अवधारणालाई महत्व दिएका छन्। मोन्टेस्क्युले शक्ति पृथकीकरण, रुसोले जनताको सार्वभौमिकता र थोमस पेनले गणतन्त्र तथा जनसत्ताको अवधारणालाई अगाडि सारेका छन्। यी विचारहरूको समग्र विकासको कारणले गर्दा नै आधुनिक लोकतान्त्रिक गणतन्त्रको सैद्धान्तिक आधार निर्माण भई विधिको शासनलाई समृद्ध बनाएको छ।

लोकतान्त्रिक आधार

नेपालको वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लामो राजनीतिक सङ्घर्ष, जनआन्दोलन, सामाजिक परिवर्तन र जनताको बलिदानबाट प्राप्त भएको हो। विसं २००७ को राजनीतिक परिवर्तनले राणा शासन अन्त्य गरी प्रजातन्त्रको प्रारम्भिक आधार निर्माण गरेको थियो। विसं २०१५ को संविधान अनुसार आमनिर्वाचन सम्पन्न भई संसदीय अभ्यास सुरु भए पनि विसं २०१७ मा निर्वाचित संसद् विघटन भएपछि फेरि निरङ्कुशता फर्कियो। विसं २०४६ को जनआन्दोलनपछि बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाले खुला समाज निर्माण भयो। विसं २०६२/६३ को जनआन्दोलन, शान्ति प्रक्रिया र संविधान सभाको निर्वाचनले नेपालको राजनीतिक पुनर्संरचनाको बाटो खोल्यो। विसं २०६५ जेठ १५ गते संविधान सभाको पहिलो बैठकले नेपाललाई गणतन्त्र घोषणा गऱ्यो। त्यसपछि विसं २०७२ असोज ३ गते नेपालको वर्तमान संविधान जारी भयो। यसले संविधानले सङ्घीयता, गणतन्त्र, समावेशिता, मौलिक अधिकार, बहुदलीय प्रतिस्पर्धा र लोकतान्त्रिक शासनप्रणालीलाई संवैधानिक रूपमा संस्थागत गऱ्यो।

विधिको शासनको संवैधानिक आधार

लोकतान्त्रिक गणतन्त्रले सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित रहने व्यवस्था सुनिश्चित गरेको छ। निर्वाचन, राजनीतिक सहभागिता, अभिव्यक्ति स्वतन्त्रता, प्रतिनिधिमूलक संस्था, न्यायिक हक जस्ता विषय जनताका सार्वभौमिक अधिकारका साथै विधिको शासनका आधार हुन्। संविधानले गणतन्त्र संस्थागत गर्न निर्वाचित राष्ट्रप्रमुख रहने व्यवस्था गरेको छ। वंशका आधारमा राष्ट्रप्रमुख हुने बाटो बन्द भएको छ।

लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय व्यवस्थाले राजनीतिमा जनताको सहभागिता र प्रतिनिधित्व सुनिश्चित भएको छ। संविधानले समानता, स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, स्वच्छ वातावरणलगायत विभिन्न मौलिक हक अधिकार सुनिश्चित गरेको छ। विधिको शासनको फराकिलो आधारका रूपमा समावेशिता विस्तार गरेको छ। महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायको राज्यका विभिन्न तहमा सहभागिताका लागि संवैधानिक व्यवस्था सुनिश्चित गरेको छ। लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय व्यवस्थाले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना निर्माण गरी शासन र विकासलाई नागरिकको नजिक पुऱ्याई विधिको शासनलाई बलियो बनाएको छ। विधिको शासनमा स्वतन्त्र न्यायपालिकाको भूमिका महत्वपूर्ण हुन्छ। संविधानको व्याख्या, मौलिक अधिकारको संरक्षण तथा राज्यशक्तिमाथि नागरिकको कानुनी नियन्त्रण कायम गर्न न्यायपालिकाको महत्वपूर्ण भूमिका रहेको छ।

संस्थागत चुनौती

राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र कमजोर हुँदा विधिको शासन बलियो हुँदैन। राजनीतिक दलमा नेतृत्व चयन, पद तथा प्रतिष्ठाको तीव्र चाहना र राजनीतिक भागबन्डाले गर्दा दलभित्रको लोकतान्त्रिक संस्कारलाई कमजोर पार्न सक्छ। विधिको शासनमा सुशासन प्रमुख तत्व हो। सुशासन अभावले राज्यको कार्यक्षमता कमजोर बनाउँछ।

कानुन सबै नागरिक तथा पदाधिकारीका लागि समान रूपमा लागु हुनु पर्छ। राजनीतिक प्रभाव, दण्डहीनता र विभेदले जनमानसमा न्यायप्रतिको विश्वास डगमगाउँछ । सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच अधिकार, स्रोत, जिम्मेवारी र प्रशासनिक समन्वय हुन आवश्यक छ। आर्थिक असमानता, बेरोजगारी र अवसरको असमान वितरणले विधिको शासनमा चुनौती थप्ने छ। डिजिटल प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको विकाससँगै गलत सूचना, भ्रामक सामग्री, तस्बिर, भिडियो तथा आवाजको प्रयोग लोकतन्त्र तथा विधिको शासनका लागि नयाँ चुनौती बनेका छन्।

विधिको शासनको सार

विधिको शासन लोकतान्त्रिक गणतन्त्रको आधारभूत सर्त हो। लोकतन्त्रमा बहुमतको निर्णय महत्वपूर्ण भए पनि बहुमत स्वयम् कानुनभन्दा माथि हुँदैन। विधिको शासनले संविधानको सर्वोच्चता, कानुनको समान प्रयोग, मौलिक अधिकारको संरक्षण, स्वतन्त्र न्यायपालिका र राज्यशक्तिमाथि संवैधानिक नियन्त्रण सुनिश्चित गर्नु पर्छ। लोकतन्त्रले सत्ताको वैधता प्रदान गर्छ भने विधिको शासनले सत्ताको दुरूपयोग हुन नदिन सीमा निर्धारण गरिरहेको हुन्छ।

विधिको शासन कमजोर भएमा लोकतन्त्र केवल निर्वाचनमा सीमित हुन पुग्छ। विधिको शासन कानुनको शासन हो। यसले नागरिक अधिकार, पारदर्शिता, जवाफदेहिता, न्याय र लोकतान्त्रिक संस्थाहरू संस्थागत गर्न सहयोग गर्छ। व्यावहारिक पक्षबाट हेर्दा विधिको शासन कार्यान्वयनमा केही चुनौती अवश्य देखिएका छन्। कानुन कार्यान्वयनमा ढिलाइ हुने, न्यायमा समान पहुँच नदेखिने तथा लामो समयसम्म पनि मुद्दा निरूपण नहुने जस्ता गुनासा विधिको शासनका अवरोध हुन्। विधिको शासन बलियो बनाउन नागरिक सहभागिता, सार्वजनिक बहस र नागरिक खबरदारीमार्फत सरकारलाई अझ बढी उत्तरदायी बनाउन सकिन्छ।

डिजिटल प्रविधि, विद्युतीय सेवा, सूचनाको हक, सामाजिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता माध्यमको प्रभावकारी प्रयोगले पारदर्शिता र जवाफदेहिता बढाउँछ। सङ्घीयताको प्रभावकारी कार्यान्वयनबाट स्थानीय आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, सडक तथा अन्य सार्वजनिक सेवा प्रदान गर्न सकिन्छ। यसबाट उत्पादन वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता, सिप विकास तथा युवाको ज्ञान र प्रविधिमैत्री सोचलाई उपयोग गरेर अर्थतन्त्र सुदृढ गर्न सकिने सम्भावना छ।

सुधारका आयाम

लोकतान्त्रिक गणतन्त्रलाई प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन संस्थागत सुधारसँगै राजनीतिक संस्कारमा परिवर्तन आवश्यक छ। यसका लागि राजनीतिक दलभित्र नियमित महाधिवेशन, नेतृत्वको आवधिक निर्वाचन, सदस्यको सहभागिता, आन्तरिक बहस, छलफल र फरक मतको सम्मान गर्नुपर्ने हुन्छ। निर्वाचन प्रणालीमा उम्मेदवार छनोटको पारदर्शिता, निर्वाचन खर्च, राजनीतिक चन्दा, प्रचारप्रसार र सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नुपर्ने छ। न्यायमा सहज पहुँच, न्यायपालिकाप्रतिको जनविश्वास, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक प्रशासनको क्षमता अभिवृद्धि तथा नागरिककेन्द्रित सेवा प्रवाहमा विशेष जोड दिनुपर्ने छ। सङ्घ, प्रदेश र स्थानीय तहबिच अधिकार तथा स्रोतको बाँडफाँटलाई अन्तरसरकारी समन्वयबाट कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

डिजिटल प्रविधिलाई पारदर्शिता र सुशासनको भरपर्दो साधनका रूपमा प्रयोग गर्दै अनलाइन सेवा, डिजिटल अभिलेख, सार्वजनिक सूचना प्रणाली, गुनासो व्यवस्थापन तथा विद्युतीय भुक्तानीलाई विस्तार गर्नुपर्ने देखिन्छ। यसका साथै कृत्रिम बुद्धिमत्ताको अनुचित प्रयोगबाट देखा परेका चुनौती सामना गर्न डिजिटल साक्षरता, तथ्य प्रमाण परीक्षण र जिम्मेवार प्रविधि प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

संविधानले लोकतन्त्र र विधिको शासनको संस्थागत आधार खडा गरेको छ। तथापि लोकतान्त्रिक गणतन्त्रको सफलता संविधानमा व्यवस्था गरेर मात्र सुनिश्चित हुँदैन। यसको वास्तविक सफलता भनेको नागरिकको जीवनमा परिवर्तन देखिनु पर्छ। नागरिकले समान न्याय, प्रभावकारी सार्वजनिक सेवा, सुरक्षा, अधिकार, उत्तरदायी सरकार र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको अनुभूति गर्न सकेमा मात्र लोकतन्त्रको सार्थकता झल्किन सक्छ।

गणतन्त्रलाई नागरिक समानताको माध्यम, लोकतन्त्रलाई जनसहभागिताको आधार र विधिको शासनलाई न्यायपूर्ण तथा उत्तरदायी राज्यको आधार बनाउन सकेमा नेपालको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था थप सुदृढ र दिगो बन्न सक्छ। अन्ततः लोकतान्त्रिक गणतन्त्रको सार भनेको जनताबाट सरकार बन्नु मात्र होइन; यसमा जनताको अधिकार सुरक्षित हुनु, सरकार जनताप्रति उत्तरदायी हुनु र राज्यशक्तिको प्रयोगलाई संविधान र कानुनको सीमाभित्र बाँध्नु हो। त्यसनिम्ति विधिको शासनलाई जनताले अनुभूत गर्न सक्ने तहमा पुऱ्याउनु वाञ्छनीय देखिन्छ।

-गोरखापत्र

स्वास्थ्य

मासुसँगै रक्सी खाँदा अड्किन सक्छ घाँटीमा हड्डी, के गर्ने ?



दशैंमा प्राय व्यस्त रहने विभाग हो, नाक, कान तथा घाँटीरोग विभाग। किनभने अरू समयभन्दा यो बेला मासुको हड्डी अड्किएर आउने बिरामीको चाप बढ्ने गर्छ। दशैंमा लगातार मासुका परिकार पाक्नु सामान्य हो। होस नपुऱ्याउँदा राम्रोसँग चपाएर नखाँदा जोखिम बढ्न सक्छ।

मासुको हड्डी अड्किएर अस्पताल आउनेमा वयस्कसँगै ज्येष्ठ नागरिक पनि हुन्छन्। मासु खाँदा मदिरा पिउने र खानामा भन्दा कुराकानी वा मोबाइलमा बढी ध्यान दिने व्यक्तिमा असावधानीका कारण यस्तो समस्या हुन सक्छ।

कसरी अड्किने जोखिम हुन्छ ?

हतारमा खाना निल्नु, मासु राम्ररी नचपाउनु र हड्डी छुट्याउन ध्यान नदिनेहरूमा यो समस्या हुनसक्छ। यसको सबैभन्दा जोखिम ज्येष्ठ नागरिकमा हुन्छ। उनीहरूको दाँत झरेको वा कमजोर भएको अवस्थामा मासु राम्ररी चपाउन कठिन हुन्छ। उमेर बढ्दै जाँदा निल्ने प्रक्रियामा पनि परिवर्तन आउन सक्छ।

यस्तो अवस्थामा मासुसँगै साना हड्डी निलिने वा घाँटीमा अड्किने जोखिम हुन्छ। त्यसैगरी, मासुसँगै रक्सी खानेहरूमा पनि जोखिम त्यत्तिकै हुन्छ। मासु खाएर त्यससँगै रक्सी खानेहरूमा पनि यो जोखिम बढ्न सक्छ।

कसरी अड्किए के हुन्छ ?

मासुको हड्डी मुख तथा घाँटीको भाग, खाना नली वा श्वासप्रश्वास नलीमा अड्किन सक्छ। हड्डी खाना नलीमा अड्किएमा घाँटी वा छाती दुख्ने, निल्न कठिन हुने, च्याल बग्ने र खाना वा पानी निल्न नसक्ने समस्या देखिन सक्छ।

हड्डी श्वासप्रश्वास नलीमा पुगेमा खोकी लाग्ने, सास फेर्न गाह्रो हुने वा सास नै बन्द हुने अवस्था आउन सक्छ। यस्तो अवस्था तत्काल उपचार आवश्यक पर्ने आपत्कालीन अवस्था हो। हड्डी अड्किएको आशंका भए पनि बाहिरबाट हेरेर त्यसको स्थान र गम्भीरता थाहा पाउन सकिँदैन। त्यसैले लक्षण देखिएमा घरमै पर्खेर बस्नु हुँदैन।

बान्ता गराउने जस्तो उपाय अपनाउनु हुँदैन

धेरैले हड्डी अड्किएमा भातको डल्लो, रोटी वा अन्य खानेकुरा निलेर हड्डी तल धकेल्ने प्रयास गर्नु हुँदैन। औंला वा अन्य वस्तु घाँटीभित्र हालेर हड्डी निकाल्न खोज्दा पनि चोट लाग्न सक्छ।

त्यस्तै, घाँटी वा ढाडमा जोडले हिर्काउने, जबर्जस्ती पानी खुवाउने वा बान्ता गराउने काम गर्नु हुँदैन। हड्डीको धारिलो भागले खाना नलीमा चोट पुऱ्याएको अवस्थामा यस्ता प्रयासले समस्या झन् बढाउन सक्छन्।

यदि व्यक्ति बोल्न, खोकी गर्न वा सास फेर्न नसक्ने गरी सासको बाटो बन्द भएको छ भने तत्काल आपत्कालीन सहायता बोलाउनुपर्छ। यस्तो अवस्थामा तालिमप्राप्त व्यक्तिले उमेरअनुसार उपयुक्त चोकिङ प्राथमिक उपचार गर्नुपर्छ। तर खाना नलीमा हड्डी अड्किएको अवस्थामा पेटमा दबाब दिने विधि आफैंले प्रयोग गर्नु हुँदैन।

अस्पताल पुग्न ढिला गर्नु हुँदैन

खाना नलीमा अड्किएको हड्डी लामो समयसम्म रहँदा घाउ, संक्रमण र खाना नलीमा प्वाल पर्ने जोखिम हुन्छ। प्वाल परेमा छाती दुख्ने, ज्वरो आउने, मुटुको धड्कन बढ्ने तथा अन्य गम्भीर जटिलता देखिन सक्छन्।

हड्डी अड्किएको आशंका भएमा जतिसक्दो छिटो नजिकको अस्पताल पुग्नुपर्छ। चिकित्सकले आवश्यकताअनुसार घाँटीको परीक्षण, इन्डोस्कोपी वा अन्य जाँच गरेर हड्डीको स्थान पत्ता लगाउँछन्। आवश्यक परे इन्डोस्कोपी वा शल्यक्रियामार्फत हड्डी निकालिन्छ।

हड्डी अड्किन नदिन के गर्ने ?

-हतारमा खाना नखाने र खानामा ध्यान दिने।

-मासु खाँदा ख छुट्याएर सानो गाँस बनाई राम्ररी चपाउने।

-मासु खाँदा मोबाइल हेर्ने वा अन्य गतिविधिमा ध्यान केन्द्रित नगर्ने।

-मासु खाँदा मदिरा सेवन नगर्ने वा सेवनका कारण खानामा ध्यान नघट्ने सुनिश्चित गर्ने।

-ज्येष्ठ नागरिक तथा चपाउन कठिन हुने व्यक्तिलाई हड्डी नभएको, नरम र सानो टुक्रा पारिएको मासु दिने।

-घाँटीमा हड्डी अड्किएको आशंका भएमा घरेलु उपाय अपनाएर समय खेर नफाल्ने, तुरुन्त स्वास्थ्य संस्था जाने।

-अनलाइनखबर

बाँकी

डीएनए ...

"सास वा लास केहीको अत्तोपत्तो छैन, के आधारमा सामाजिक संस्कार गर्ने भन्ने दोधारमा छौं", अनलालले भने, "हामी डीएनए रिपोर्टको प्रतीक्षामा छौं, सरकारले आधिकारिक रूपमा मृत वा फेला पार्न नसक्ने गरी बेपत्ता भएको घोषणा गरेपछि मात्रै सामाजिक संस्कार गर्ने सोच बनाएका छौं।"

रोजीरोटीका लागि रसुवा पुगेका आराम दमाईं र उजना दमाईं पनि सोही बाढीमा परी बेपत्ता भएपछि १६ वर्षीय सुभास नेपाली, ११ वर्षीय भाइ अश्विन र नौ वर्षीया बहिनी स्मारिका दिनभर टोलाउँदै आमाबुवा फर्किने बाटो हेरिरहन्छन्। डीएनए रिपोर्टको प्रतीक्षा गरेर बसेको सुभासले बताए।

नेपालगन्ज-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढाले डीएनए रिपोर्ट नआएकाले सबैलाई सान्त्वना दिँदै र सम्झाउँदै आएको बताए। उनले बेपत्ताको खोजी जारी राख्न र पीडित परिवार, विशेष गरी सहाराविहीन बनेका आराम र उजना जस्ता बालबालिकाको पालनपोषण तथा शिक्षाका लागि आवश्यक समन्वय र सहयोग भइरहेको बताए।

भोटेकोशी बाढीपश्चात् बेपत्ता आफन्त खोज्न गएका केहीले चितवन र काठमाडौंस्थित अस्पतालमा र बाँकेमा रहेका १६ जनाले नेपालगञ्जस्थित भेरी अस्पतालमा डीएनए परीक्षणका लागि नमुना सङ्कलन गरी नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएको जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रतीतसिंह राठौरले जानकारी दिए।

उनका अनुसार, नेपालगन्जमा सम्पर्कमा आएका १६ जना आफन्तको भेरी अस्पतालमा डीएनए नमुना सङ्कलन गरिएको हो। अन्य आफन्तको काठमाडौं र चितवनस्थित अस्पतालमा डीएनए नमुना सङ्कलन गरिएको छ। डीएनए परीक्षणका लागि बेपत्ता भएका व्यक्तिका पहिलो तहका नातेदार बाबु, आमा, छोरा वा छोरीको ताजा रगतको नमुना सङ्कलन गरी नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएको हो।

भोटेकोशी बाढीपश्चात् बाँके जिल्लाका २३ जना हालसम्म बेपत्ता छन्। तीन जनाको शव सनाखत भई मृत्यु घोषणा भएको छ भने ३२ जनाको सकुशल उद्धार भएको बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले जानकारी दिए।

फुलखेती ...

किसान रावतले अरूको देशमा गएर दुःख गर्नु भन्दा आफ्नै देशमा केही गर्न आवश्यक रहेको बताउँछन्। "गत वर्ष राम्रो आम्दानी भयो फुलखेतीबाट, यसवर्ष पनि तिहार आउनुभन्दा अघि बाटनै फुल माला बिक्री गर्दै आएको छु",उनले भने।

फुलमा आत्मनिर्भर हुने गरी पुष्प कृषक प्रोत्साहनका कार्यक्रम ल्याउन स्थानीय सरकारले पहल गर्नुपर्ने उनले बताए। उनले सयपत्री फुलखेतीसँगै विभिन्न तरकारीखेती र तरकारीका बेर्ना पनि उत्पादन गरेर बिक्री गर्दै आएका छन्। दाङ जिल्लामा व्यावसायिक फुलखेती गर्ने किसानको संख्या पछिल्ला वर्षमा बढ्दै गएको छ।

जिल्लाका १० वटै स्थानीय तहमा फुलखेती गर्ने किसान रहेका छन्। प्रोत्साहनका लागि स्थानीय सरकारले भूमिका बढाउनुपर्ने देखिन्छ।

आधुनिक...

शेखले रु तीन लाख ५० हजार रूपैयाँमा किनेको थ्रेसर मेसिनबाट धानबालीको सिजनमा मात्रै सबै खर्च कटाएर करिब रु एक लाख ५० हजारसम्म कमाई गर्ने गर्छन्। उनले शुल्कबापत प्रतिघण्टा रु.दुई हजार ५०० वा एक क्विन्टल धान बराबर १२ किलो धान लिने गरेका छन्।

केही वर्ष अघिसम्म गाउँमा सबैजसो किसानले काटेको धान एउटै स्थानमा जम्मा गरेर पालैपालो थ्रेसर चलाउने गरे पनि अहिले प्रत्येक किसानको खेत-खेतमा थ्रेसर मेसिन पुर्याउनु पर्दा इन्धन र समय धेरै खर्च हुने गरेको अमजतको दुखेसो छ।

गाउँमा सुरुमा आफूले थ्रेसर मेसिन सञ्चालन गरेपनि अहिले अन्य गाउँबाट समेत किसानले मेसिन मगाउने भएकोले प्रतिष्पर्धा हुने गरेको छ। यतिबेला धान झार्ने समयमा बिहान ५ बजेदेखि राति १२ बजेसम्म पनि किसानको खेतमै थ्रेसर पुऱ्याउने गरेको अमजतले बताए।

राप्ती सोनारी गाउँपालिकास्थित साकार कृषि सहकारी संस्थाका व्यवस्थापक जमानसिंह वलीले मजदूरी लगाएर धान झार्न लामो समय लाग्ने र धेरै जनशक्ति चाहिने भएकाले थ्रेसर मेसिनप्रति किसानको आकर्षण ह्वात्तै बढेको बताए।

उनका अनुसार परम्परागत खेती प्रणालीको विकल्पमा भित्रिएको आधुनिक कृषि यन्त्र थ्रेसर मेसिनले ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। एकातर्फ यसले खेतीपातीमा जनशक्ति अभावको समस्यालाई समाधान गर्दै समयमै बाली भित्र्याउन सघाएको छ भने अर्कातर्फ मिहेनेती युवाहरूलाई आफ्नै गाउँमा बसेर स्वावलम्बी र आत्मनिर्भर बन्ने अवसर प्रदान गरेको छ।

वलीले आफ्नो सहकारीमा आबद्ध आठ हजार बढी किसान सदस्य अहिले कृषि कर्ममा आधुनिक प्रविधिको प्रयोग गरी छिटोछरितो र गुणस्तरीय उत्पादन गर्दै आएको बताए। कृषिमा मेसिनको प्रयोगले आर्थिक रूपमा सस्तो हुने, श्रमको प्रयोग गर्न नपर्ने र छिटो पनि हुने भएकोले किसान प्रविधिमैत्री बन्दै गएको उनको भनाइ छ।

सरकारका तर्फबाट यस्ता कृषि उपकरण खरिदमा अनुदान वा सहुलियत दिन सकेमा कृषिमा थप यान्त्रिकीकरण भई उत्पादन लागत घट्ने र गाउँ-गाउँमा स्वरोजगारका अवसरहरू थप विस्तार हुने उनले उल्लेख गरे।

कृषिमा श्रम अभाव र बढ्दो लागत किसानका लागि चुनौती बन्दै गएका बेला बाँकेका किसानले कृषि प्रविधिलाई विकल्पका रूपमा अपनाउन थालेका छन्। धान काट्ने समय सुरु भएसँगै खेतमा परम्परागत श्रमशक्तिको स्थान कृषि यन्त्रले लिन थालेको छ।

यसले कृषि पेसालाई निर्वाहमुखीबाट क्रमशः व्यावसायिक र प्रविधिमैत्री बनाउने संकेत देखाएको किसान महासङ्घ बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले बताए। उनका अनुसार यतिबेला धान झार्न प्रयोग हुने थ्रेसर र धान काट्न प्रयोग हुने रिपर मेसिनप्रति किसानको आकर्षण पछिल्ला वर्षमा बढ्दै गएको छ।

कृषिमा काम गर्ने जनशक्तिको अभाव, मजदूरको बढ्दो ज्याला र समयमै खेतीको काम सम्पन्न गर्नुपर्ने बाध्यताले किसानलाई यान्त्रिकीकरणतर्फ आकर्षित गरेको छ। रिपर मेसिनले प्रतिघण्टा करिब १० देखि १५ कट्ठासम्म धान काट्न सक्ने र करिब एक लिटर डिजेल खपत गर्ने गर्दछ। यसले छोटो समयमा ठूलो क्षेत्रफलको धान काट्न सहयोग पुर्याउने भएकाले किसानको समय र श्रम दुवै बचत हुने गरेको केसीले बताए।

धान काट्ने काममा मात्रै नभई खेत तयार पार्नसमेत किसानले आधुनिक उपकरणको प्रयोग बढाएका छन्। मिनि टिलर जोत्न प्रयोग हुने प्रमुख उपकरणका रूपमा स्थापित हुँदै गएको छ। केसीका अनुसार मिनि टिलरले प्रति घण्टा करिब पाँचदेखि १० कट्ठासम्म जमिन जोत्नसक्ने र करिब एक लिटर डिजेल खपत गर्ने गर्दछ। यसबाट किसानले कम जनशक्तिमा खेतीको तयारी गर्नसक्ने अवस्था बनेको छ।

कृषि क्षेत्रमा यान्त्रिकीकरणको प्रभाव खेतीपातीको काममा मात्र सीमित छैन। घाँस काट्ने मेसिन, दाना कुट्ने उपकरण, पशुपालनमा प्रयोग हुने काउ म्याटलगायतका सामग्रीको प्रयोग समेत बढ्दै गएको छ। कृषि उत्पादनसँगै पशुपालनलाई पनि प्रविधिसँग जोड्नसके उत्पादन लागत घटाउने, श्रम व्यवस्थापन गर्ने र व्यावसायिक उत्पादन विस्तार गर्ने सम्भावना बढ्ने केसीको भनाइ छ।

"कृषिमा प्रविधिको प्रवेशलाई मजदुरको विकल्पका रूपमा मात्र बुझ्नु उपयुक्त हुँदैन। यसले किसानलाई समयमै खेती गर्न, श्रम र लागत व्यवस्थापन गर्न, उत्पादनको आकार बढाउन तथा कृषिलाई व्यवसायसँग जोड्न मद्दत गर्छ", उनले भने,"खेतमा यन्त्रको प्रयोग बढ्नु कृषि औद्योगिकीकरणतर्फ अघि बढ्ने आधारसमेत बन्न सक्छ। तर यान्त्रिकीकरणसँगै किसानको आवश्यकता र स्थानीय अवस्था अनुसार उपयुक्त प्रविधि छनोट, मेसिन सञ्चालनसम्बन्धी सीप, मर्मतसम्भारको व्यवस्था र सहज वित्तीय पहुँच आवश्यक हुन्छ।"

सरकारले अनुदान वितरणमा पारदर्शिता र वास्तविक किसानको पहुँच सुनिश्चित गर्दै 'मेसिन दिने' मात्र होइन, 'मेसिन चलाउने सीप र बजार दिने' नीति अघि बढाउनसके कृषि अझ दिगो र व्यावसायिक बन्ने उनले उल्लेख गरे।

कृषि यान्त्रिकीकरणमा स्थानीय तथा प्रदेश सरकारबाट समय-समयमा उपलब्ध हुँदै आएको अनुदानले पनि किसानलाई प्रविधि अपनाउन सहज बनाएको छ। बाँके जिल्लामा कृषि प्रविधिको पहुँच केवल धान झार्नमा मात्र सीमित छैन; यसले समग्र कृषि क्षेत्रको उत्पादकत्व बढाउनसमेत योगदान पुऱ्याएको छ।

कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी तथा वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माका अनुसार पछिल्लो समय जिल्लाका धेरैजसो किसानले आधुनिक यन्त्र तथा उपकरण प्रयोग गरेर कृषि कार्य गरिरहेका छन्।

कृषिमा प्रविधिको प्रयोगले किसानलाई काममा सहजता ल्याउनुका साथै बालीको नोक्सानी घटाएर उत्पादन वृद्धि गर्नसमेत प्रत्यक्ष सहयोग पुगेको शर्माले बताए। पछिल्ला वर्षहरूमा प्रविधिको प्रयोगले कृषि क्षेत्रलाई थप व्यवस्थित र आधुनिक बनाउँदै लगेको छ।

खेताला नपाएर खेतमै धान बिग्रिने चिन्ताबाट बाँकेका किसानले राहत पाएका छन्, जसले नेपाली कृषि क्षेत्र बिस्तारै परम्परागत ढाँचाबाट आधुनिकतातर्फ रूपान्तरण भइरहेको सङ्केत गरेको सूचना अधिकारी शर्माको भनाइ छ।

किसानलाई प्रविधिमैत्री बनाउन कृषि ज्ञान केन्द्रले पनि विभिन्न कृषि औजार, मेसिन र उपकरण खरिदमा केही प्रतिशत अनुदानको कार्यक्रम सञ्चालन गर्दै आएको सूचना अधिकारी शर्माले जानकारी दिए।

"कृषि हाम्रो अर्थतन्त्रको आधार हो। अब कृषिलाई परम्परागत श्रममा मात्र निर्भर राखेर उत्पादन र आम्दानी बढाउन कठिन हुँदै गएको छ",उनले भने,"हलोजोतदेखि धान कटानीसम्म र पशुपालनदेखि उत्पादन प्रशोधनसम्म प्रविधिको विस्तार गर्नसके किसानको श्रमलाई सम्मान गर्दै कृषिलाई उद्योगसँग जोड्न सकिन्छ। प्रविधिमैत्री कृषि नै भविष्यको आत्मनिर्भर र समृद्ध कृषिको महत्त्वपूर्ण आधार बन्न सक्छ।"

गौतमबुद्ध ...

चितवनमा राष्ट्रियस्तरको क्रिकेट क्लब चितवन राईनोज समेत रहेकाले र पछिल्लो समय एनपिएलको क्रेज बढेकाले अन्तरराष्ट्रियस्तरका खेल चितवनमा खेलाउन यो रङ्गशाला छिटो सम्पन्न गर्न दबाब छ। भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले निर्माण कम्पनीलाई महानगरको तर्फबाट गर्नुपर्ने सबै सहयोग गर्न तयार रहेको भन्दै उनले छिटो काम सम्पन्न गर्न आग्रह गर्दै आएको बताए। गत आर्थिक वर्षमा भुक्तानीमा केही ढिला भए पनि अन्य सबै काममा महानगरले सहजीकरण गरेको उनको भनाइ छ।

उनले भने, "रङ्गशाला छिटो सम्पन्न गर्न हामीले निर्माण कम्पनीलाई भनिरहेका छौं, अब धेरै ढिलो हुँदैन।" देशभर क्रिकेट खेलको लोकप्रियता बढिरहेकाले छिटो रङ्गशाला सम्पन्न गरी राष्ट्रिय र अन्तरराष्ट्रिय खेल भरतपुरमा गर्न महानगर आतुर रहेको अधिकारीको भनाइ छ।

अष्टम साना किसान कृषि सहकारी संस्था लि.

राप्तीसोनारी ८ शमशेरगंज, बाँके

कर्जा बुझाउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति :– २०८३/०७/१० गते

यस संस्थाका तपसिल बमोजिमका सदस्यहरूले उपभोग गर्नु भएको तपसिल बमोजिमका कर्जा संस्थाको शर्त कबुलियत बमोजिम बुझाउनु पर्ने साँवा व्याज दै–दस्तुर समेत बुझाउन आउन पटक पटक मौखिक , लिखित तथा फोन मार्फत अनुरोध गर्दा पनि नबुझाई बाँकी बक्यौता राखेको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सर्म्पक राखी सम्पुर्ण बाँकी साँवा व्याज दै– दस्तुर बुझाउन ऋणी र धितो जमानी दिने समेतलाई यसै सूचना द्धारा सूचित गरिन्छ। उक्त ताकिएको म्याद भित्र बुझाउनु पर्ने सम्पुर्ण साँवा व्याज दै दस्तुर दाखिला नगरेमा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ को परिच्छेद १२ तथा यस संस्थाको ऋण लगानी तथा असुली कार्यविधि २०८० को परिच्छेद ८ अनुसार संस्थामा राखेको धितो लिलामी कार्वाही अधि बढाई बाँकी, सावा व्याज असूल उपर गरिने छ। यसबाट पनि बाँकी साँवा व्याज असूल उपर हुन नसके सहकारी ऐन नियामावली अनुसार ऋणीको जायजेथा चलअचल सम्पत्ति बाट लिलाम गरि वा अन्य प्रक्रियाबाट असूल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबै ऋणीलाई जानकारी गराईन्छ। साथै यसबाट पर्न गएको सामाजिक आँचमा संस्था जवाफदेही नहुने समेत जानकारी गराउँदछौ।

क्र . स.	ऋणीको विवरण	जग्गा रहेको ठेगाना	लिलामहुने सम्पत्तिको विवरण	रोक्काविवरण
१.	ऋणीको नाम : दुजिया थरुनी बाबु/ पतिकोनाम : धनिराम थारु बाजे /ससुराको नामः पहाडी थारु जग्गा धनि : दुजिया थरुनी	बैजनाथ ८ टिटिहिरीया बाँके	टिटिहिरीया गा.बि.स. वडा नं.३ बाँके कि.नं. ५२८ र ११६७ क्षेत्रफल १६३७।१६ र १३४।४९ ब.मि. नक्सा सिट न.०३५०९६५ ,०३५०९६४	दृष्टि बन्धक
२	ऋणीको नाम : चन्द्रानी थारु बाबु/ पतिकोनाम : राम गोपाल थारु बाजे /ससुराको नामः माधो थारु जग्गा धनि : चन्द्रानी थारु	बैजनाथ ८ टिटिहिरीया बाँके	टिटिहिरीया गा.बि.स. वडा नं.५ बाँके कि.नं. ३६९ क्षेत्रफल १०३७।५० ब.मि. नक्सा सिट न.०३५०९६३	दृष्टि बन्धक
३	ऋणीको नाम : किस्मातुल भाँट बाबु/ पतिकोनाम : उमेद अलि भाँट बाजे /ससुराको नामः जोगी भाँट जग्गा धनि : किस्मातुल भाँट	बैजनाथ ८ टिटिहिरीया बाँके	टिटिहिरीया गा.बि.स. वडा नं.२ बाँके कि.नं. ६३ क्षेत्रफल ६२०।०० ब.मि. नक्सा सिट न.०३५०१००४	दृष्टि बन्धक
४	ऋणीको नाम :गँगा सुनार बाबु/ पतिकोनाम : लिले सुनार बाजे /ससुराको नाम : हिरे सुनार जग्गा धनि : गँगा सुनार	बैजनाथ ६ एच गाऊँ बाँके	बनकटवा गा.बि.स. वडा नं. ५ बाँके कि.नं.१०२७ र १०३२ क्षेत्रफल ३०४०।८४ र २२१।६६ ब.मि. नक्सा सिट न.०३५०९६७	दृष्टि बन्धक
५	ऋणीको नाम :धर्मकला पुनमगर बाबु/ पतिकोनाम : कृति बहादुर पुनमगर बाजे /ससुराको नाम : मन विर पुनमगर जग्गा धनि : आफै	कोहलपुर २ बनखेत बाँके	रुभेना गा.बि.स. वडा नं. ४ बाँके कि.नं.२२३ क्षेत्रफल १६९।३० वर्गमिटर नक्सा सिट ४ घ	दृष्टि बन्धक

अष्टम सानाकिसान कृषि सहकारी संस्थालि .को कार्यालय राप्ती सोनारी गाँउपालिका वडा न ०८, शम्शेरगंज, बाँके
फोन ९८४८०२८१४१, ९८४८१७५९५१

एनपीएल: चितवन र कर्णालीको विजयी सुरुवात

कालपृष्ठ समाचारदाता

काठमाडौं, १० कात्तिक

कमलसिंह ऐरी चम्किएसँगै चितवन राइनोजले सानदार पुनरागमन गर्दै नेपाल प्रिमियर लिग (एनपीएल) मा विजयी सुरुआत गरेको छ।

मंगलबार सम्पन्न खेलमा चितवनले विराटनगर किङ्सलाई ८ रनले हराएको हो। जितसँगै चितवनले २ अंक जोडेको छ।

चितवनले दिएको १५८ रनको लक्ष्य पछ्याएको विराटनगर १९.३ ओभरमा सबै विकेट गुमाउँदै १४९ रनमा समेटियो।

विराटनगरका इमरान शेखले सर्वाधिक ३९ रन बनाए। ३१ बल खेलेका उनले ४ चौका र २ छक्का प्रहार गरे।

आन्द्रे रसलले १७ बलमा १ चौका र छक्कासहित ३३ रन बनाए। लोकेश बम २६ र बसीर अहमद १३ रनमा आउट हुँदा अन्यको ब्याटिङ चल्न सकेन।

चितवनका कमलसिंह ऐरीले सर्वाधिक ४ विकेट लिए। ४ ओभर बलिङ गरेका उनले २६ रन खर्चिए। रिजन ढकालले २ तथा टम टेलर, रञ्जित कुमार, मौसम ढकाल र डान मौउस्लेले समान १ विकेट राखे।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको चितवनले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै १५७ रन बनाएको थियो।

चितवनका ओपनर डेभिड मलानले सर्वाधिक ७० रन बनाए। ५० बल खेलेका उनले ५ चौका र ५ छक्का प्रहार गरे। कप्तान रवी बोपाराले अविजित ३२ रन बनाए। २६ बल खेलेका उनले १ चौका र २ छक्का प्रहार गरे।

डान मौउस्ले २९ रनमा अविजित रहँदा देव खनालले १२ रन बनाए।

विराटनगरका एन्जेले म्याथ्यू, आन्द्रे रसेल र चारिथ असलंकाले समान १ विकेट लिए।

त्यसैगरी कर्णाली याक्सले जनकपुर बोल्ट्सलाई १९ रनले पराजित गरेको छ। मंगलबार त्रिवि क्रिकेट मैदानमा भएको दोस्रो खेलमा जनकपुरलाई हराउँदै कर्णालीले विजयी सुरुवात गरेको छ। कर्णालीले दिएको १ सय ३३ रनको लक्ष्य पछ्याएको जनकपुर १९ ओभर ३ बलमा ११३ रनमा बनाउँदा अलआउट भयो।

जनकपुरका मोइन अलीले २२ बलमा १९, अभिषेक तिवारीले १७ बलमा २०, कप्तान हर्मित सिंहले १३ बलमा १९, जिम्स निशमले १३ बलमा १५ र मायन यादवले ११ बलमा १४ रन बनाए।

कर्णालीका युनिस ठकुरी र हुसैन तलतले समान ३ विकेट लिए। यस्तै नन्दन यादवले २ र कप्तान सोमपाल कामीले समान १ विकेट लिए।

मेलबर्नमा १६औं अन्तर्राष्ट्रिय मैत्रीपूर्ण तेक्वान्दो च्याम्पियनसिप हुँदै

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १० कात्तिक



१६औं अन्तर्राष्ट्रिय ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी-२०२६) आगामी नोभेम्बर २८ र २९ मा मेलबर्नमा आयोजना हुने भएको छ।

आइओएफटिसी अस्ट्रेलिया लिमिटेडको आयोजनामा हुने प्रतियोगितामा विभिन्न देशका खेलाडी, प्रशिक्षक तथा तेक्वान्दो क्लबहरूको सहभागिता रहने अपेक्षा गरिएको छ।

सन् २००० मा नेपालको काठमाडौंमा ग्रान्डमास्टर दिवाकर 'डान' महर्जनको पहलमा सुरू भएको आइओएफटिसीले तेक्वान्दो खेलमार्फत अन्तर्राष्ट्रिय मित्रता, खेल भावना र सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गर्दै आएको छ।

सन् २०२६ को प्रतियोगिता यस अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रमको १६औं संस्करण हो।

प्रतियोगिताका अध्यक्ष महादेव धानुक नेपालका पूर्व तेक्वान्दो खेलाडी, एभरेस्ट तेक्वान्दो स्कुल भिक्टोरियाका संस्थापक, निर्देशक तथा मुख्य प्रशिक्षक हुन्।

उनी गैरआवासीय नेपाली संघ (एनआरएनए) भिक्टोरियाका राज्य संयोजक समेत हुन्।

अध्यक्ष धानुकले प्रतियोगितालाे खेलाडीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने, अन्तर्राष्ट्रिय अनुभव हासिल गर्ने र विभिन्न देशका खेलाडीबीच मैत्री सम्बन्ध विस्तार गर्ने अवसर प्रदान गर्ने बताए।

उनले प्रतियोगितालाई सफल बनाउन खेलाडी, क्लब, प्रशिक्षक, अभिभावक, स्वयंसेवक तथा प्रायोजकहरूलाई सहकार्य गर्न आह्वान गरेका छन्।

क्लाइम्बिङ टोली दक्षिण कोरिया प्रस्थान



कालपृष्ठ समाचारदाता

काठमाडौं, १० कात्तिक

वर्ल्ड क्लाइम्बिङ एसियन सिरिजमा सहभागी हुन ५ सदस्यीय खेलाडी टोली मंगलबार दक्षिण कोरियाको गुन्सान प्रस्थान गरेका छन्। अक्टोबर ३१ देखि नोभेम्बर १ तारिखसम्म हुने प्रतियोगितामा नेपालबाट ३ पुरुष र २ महिला खेलाडी सहभागी हुने छन्।

पुरुषमा रोनक उप्रेती, तन्जिङ बर्टिन राई र शुलभ राई तथा महिलामा स्वस्तिका चौधरी र मनीषा बुढा मगर रहेका छन्। खेलाडीले बाउडरिङ विधामा प्रतिस्पर्धा गर्ने छन्।

टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहतालेे मंगलबारै बिदाइ गरे।

गौतमबुद्ध क्रिकेट रङ्गशालाको काम सुस्त

कालपृष्ठ समाचारदाता

चितवन, १० कात्तिक

भरतपुर महानगरपालिका-१५ मा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काममा ढिलाइ भएको छ।

आगामी पुस २७ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्नेमा हालसम्म प्रगति ६५ प्रतिशत मात्रै भएको छ। भरतपुर महानगरपालिकाका इन्जिनियर आदर्श पोखरेलका अनुसार बजेट निकासामा केही ढिलाइ हुँदा निर्माण कम्पनीले बीचको समयमा काम रोकेकाले सम्झौता मितिअनुसार काममा ढिलाइ भएको हो। रङ्गशाला निर्माणका लागि महानगरपालिकाले ७० प्रतिशत बागमती प्रदेशबाट भुक्तानी हुने गरी सम्झौता गरेको थियो। प्रदेशको बजेट निकासा हुन ढिलो भएकाले काम प्रभावित भएको उनले बताए।

निर्माण कम्पनीले समेत काममा ढिलाइ गरेकाले पुस मसान्तसम्ममा काम सम्पन्न हुने अवस्था नदेखिएको उनको भनाइ छ। यस्तै निर्माण सामग्रीको मूल्यवृद्धि, मौसम परिवर्तन र पुराना संरचनामा निर्माण गर्नुपर्नेलगायतका कारणले समयमै निर्माणको काम गर्न नसकिएको निर्माण कम्पनी व्यवस्थापक सम्राट सिलवाललले बताए। उनले पुरानो संरचनामा निर्माण कार्य गरिएकाले प्राविधिक निर्णयहरू एकापसमा बाँझिदा निर्माणमा पनि समस्या आएको बताए।

अहिले मुख्यगरी मैदानको काममा ढिलाइ हुँदा समयमै निर्माण सम्पन्न नहुने निश्चितजस्तै छ। त्यसैकारण निर्माण कम्पनीले भरतपुर महानगरपालिकासँग निर्माणको काम सक्न म्याद थप माग्ने तयारी गरेको छ। सम्झौता सकिनु ३५ दिन अघि म्याद थपका लागि निवेदन दिनुपर्ने हुन्छ।

निर्माण अवधि सकिनै लाग्दा रङ्गशालाको पहिलो भेरिएसन अर्डर (भिओ) असोज २८ मा स्वीकृत भएको छ। सुरुवाती चरणमा रु ७८ करोड ५० लाख ९१ हजार (भ्याटसहित) मा ठेक्का सम्झौता भएकोमा अब लागत बढेर रु ८६ करोड २४ लाख ८४ हजार पुगेको छ। यसले लागत मात्रै वृद्धि नभई निर्माणको काम पनि थपिएको छ। त्यसकारण पनि सम्झौताअनुसारको समयमा निर्माण सम्पन्न नहुने निर्माण कम्पनीले जनाएको छ।

भरतपुर महानगरका डिभिजनल इन्जिनियर सन्तोष आचार्यका अनुसार मुख्य रूपमा मैदानको काम बाँकी छ। मैदानमा चार तह माटो राखेर त्यसभित्र पाइप हाल्न बाँकी छ। त्यसमाथि नरम माटो राखेर बरुणा नामको घाँस रोपिने छ। यसका अतिरिक्त दुई वटा टावरको काम अन्तिम चरणमा पुगेको छ। चार वटा प्यारापिटमध्ये दुई वटा सकिएको छ भने तेस्रो ९० प्रतिशत र चौथो ७० प्रतिशत प्रगति भएको छ।

विद्युत् जडानको काम बाँकी छ। निर्माण कम्पनीले नियमित रूपमा काम गरेमा धेरै समय नलाग्ने आचार्य बताउछन्। अहिले दैनिक ८० जना हाराहारीले काम गरिरहेको उनले जानकारी दिए। दसैंको समयमा समेत काम भइरहेको उनको भनाइ छ।

भरतपुर महानगरपालिकाले बागमती प्रदेश सरकारसँग मिलेर विसं २०८१ असार २४ गते हिमालयन- कालिञ्चोक बिबीआर जेभीसँग सम्झौता गरी रङ्गशाला निर्माणको काम अघि बढाएको थियो। धुर्मुस- सुन्तली फाउन्डेसनले आर्थिक अभावका कारण काम गर्न नसक्ने जनाउँदै महानगरलाई दायित्व सुम्पिएपछि महानगरले बागमती प्रदेश सरकारको ७० प्रतिशत र महानगरको ३० प्रतिशत लगानी सुनिश्चित गरी अलपत्र अवस्थामा परेको रङ्गशालाको निर्माण अघि बढाएको थियो।

बाँकी ३ पृष्ठमा



आईडी कार्ड
मात्र
रू. १५०/-



सम्पर्क:
मो. ९८५८०४९२१०,
९८५८०५९५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।